सधै र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

**होली पर्वको हार्दिक शुभकामना**

होली पर्वको शुभ अवसरमा हाम्रा तमाम विद्धान पाठक, लेखक, विज्ञापनदाता लगायत सहयोगी शुभचिन्तक इष्टमित्रहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ। साथै होली पर्वको विदाको कारण हाम्रो अगामी अंक विहिवार चैत्र १५ गते देखि मात्र प्रकाशित हुने जानकारी गराईन्छ।

**खबर दर्पण परिवार**

♦ वर्ष ७ ♦ अंक १८२ ♦ २०८० साल चैत्र ११ गते आइतवार ♦ 24 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# मधेस प्रदेशको मन्त्री परिषद विस्तार, एमालेका चार मन्त्रीले लिए सपथ

**खबर दर्पण समाचारदाता**
**चैत्र १० गते, बर्दिवास**

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले शनिवार मन्त्री परिषद विस्तार गरेका छन्।

सत्ता समिकरण फेरिए पछि सरकारमा आएको नेकपा एमालेको तर्फबाट तीन मन्त्री र एक राज्यमन्त्री थप गर्दै मुख्यमन्त्री यादवले मन्त्री परिषद विस्तार गरेका हुन्।

नवनियुक्त मन्त्रीहरुमा राजकुमार लेखी गृह, संचार तथा कानून मन्त्रालय, शत्रुधन सिंह स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रमोदकुमार जयसवाल शिक्षा तथा संस्कृति मन्त्रालयका जिम्मेवारी प्राप्त गर्नु भएको छ भने केशव राय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको राज्य मन्त्रीको जिम्मेवारी प्राप्त गरेका छन्।



नवनियुक्त मन्त्रीहरुले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी बाट पद तथा गोपनियताको सपथ लिएका हुन् भने राज्यमन्त्रीले मुख्यमन्त्री यादवबाट सपथ ग्रहण गरेका हुन्।

# यात्रुको चापलाई मध्यनजर गरी आवश्यक परे रेल थप्छौं :भौतिक पूर्वाधार तथा यातायातमन्त्री महासेठ

**खबर दर्पण समाचारदाता**
**चैत्र १० गते, महेन्द्रनगर**

उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले यात्रुको चापलाई मध्यनजर गरेर आवश्यक परे रेलको संख्या बढाउने बताउनुभएको छ।

शनिबार जनकपुर-जयनगर रेल्वे अनुगमन एवम् निरीक्षणका क्रममा उहाँले यात्रीको चाप बढी भएको कुरा आइरहेको भन्दै यात्रुहरूलाई मध्यनजर गरी रेल आवतजावत गर्ने समय थप्न सकिने बताउनुभयो। उहाँले भारत सरकारको माध्यमबाट निर्माणको जिम्मा लिएका कम्पनीहरूसँग पनि कुरा गरेको उल्लेख गर्नुहुँदै अब छिटो र छरितो रूपमा सेवा अघि बढाउने प्रतिबद्धता जनाउनु भयो।




'अहिले नेपाल सरकारले सेवाको भावनाबाट यो सञ्चालन गरेको हो। अब केही दिनपछि हामी अगाडि बढाउँछौं। सधैं घाटा लगाएर चलाउन गाह्रो हुन्छ। त्यसमा नेपाल सरकार खासगरी भौतिक पूर्वाधार पूर्वाधार मन्त्रालयले, रेल्वे विभागले त्यसबारेमा सबैको राय लिएर के गर्दा राम्रो हुन्छ, त्यो बाटो हामीले अपनाउनेछौं।,' उहाँले भन्नुभयो, 'यात्रीको चाप बढी भयो भन्ने छ, त्यो धेरै ठुलो समस्या होइन। यो रेलको समय थपेर धेरै पटक आवतजावत हेरेर बढाउनेछौं। रेल पनि थप्नेछौं, यदि यात्रुको चाप बढी भयो भने। यात्रुको चाप हेरेर केके सुविधा दिनुपर्छ, त्यो हामी गर्नेछौं। सकभर यही आर्थिक मसान्तभित्र खानेपानी र शौचालयहरूको व्यवस्थाको


बाँकी पृष्ठ २ मा

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस्।

# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी


✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# यात्रुको चापलाई ...

प्रबन्ध हुनेछ । मालवाहकको लागि प्रक्रिया अघि बढाइसकेको छ ।'

मन्त्री महासेठले रेलसेवासँग सम्बन्धित आन्तरिक कमी कमजोरीहरूको सम्बोधन गर्ने बताउनुभयो । उहाँले चालु आर्थिक मसान्तभित्र खानेपानी र शौचालयहरूको व्यवस्थाको प्रबन्ध गर्ने बताउनुभयो ।

मन्त्री महासेठले भन्नुभयो, 'भारत सरकारले, खासगरी भारत सरकारको माध्यमबाट निर्माण लिएका कम्पनीहरूसँग पनि कुरा गरेका छौँ । अरू सबै ठिक छन्, केही समस्या छन्, केही अतिक्रमण भएका छन् । त्यो अतिक्रमण हटाउनलाई हाम्रो नेपाल सरकारसँग करा गर्छौं, नेपाल सरकारले भारत सरकारसँग कुरा गर्नेछ । स्थानीय तहमा जयनगरतिरका कुरामा त सरकारसरकारबिच कुराकानी हुन्छ, रेल्वे विभागका जिएम लगायतको यसलाई हटाउन, पहल गर्नुपर्नेछ । त्यसमा मैले निर्देशन दिइसकेको छु । हाम्रा आन्तरिक कमी कमजोरी छन् भने त्यसलाई छलफलबाट समाधान गर्नेछौँ । आम्दानी कम भयो, खर्च बढी भयो, त्यो स्वाभाविक छ ।'

मन्त्री महासेठले शनिबार जनकपुरदेखि जयनगरसम्म रेलमा यात्रा गरेरै अनुगमन एवम् निरीक्षण गर्नुभएको थियो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्मा, धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरीया, रेल विभागका महानिर्देशक रोहित कुमार विसुराल, नेपाल रेलवेका महाप्रबन्धक निरञ्जन झा सहितको उच्च पदस्थ कर्मचारीहरूको टोली सहित शनिवार बिहान ८:३० बजेको रेलमा यात्रा गरी रेल्वेको जनकपुर जयनगरको बिचमा पर्ने विभिन्न स्टेसनको निरीक्षण गर्नुभएको थियो । निरीक्षणको क्रममा धनुषा निर्वाचन क्षेत्र नं.२ को खजुरीमा नेकपा एमालेका नेता एवं प्रदेश सभा सदस्य लखन दासले भव्य स्वागत गर्नुभएको थियो । प्रदेश सभा सदस्य दासकोको नेतृत्वमा सयौंको संख्यामा रहेका आम नागरिक र एमालेका नेता कार्यकर्ताले उपप्रधान मन्त्री महासेठ नेतृत्वको टोलीलाई फूलको माला अबिर लगाएर स्वागत गरेका थिए ।

निरीक्षणको क्रममा मन्त्री महासेठलाई धनुषाको खजुरीमा स्थानीय बासिन्दाले सो क्षेत्रमा कमला नदीमा बाढी आएपछि आम नागरिकले भोग्दै आएको समस्याको बारेमा जानकारी गराउनुभएको थियो ।

# दिलीप महतोलाई पर्यावरण शहीद घोषणाको माग गर्दै ढल्केवरमा चक्काजाम

**खबर दर्पण समाचारदाता**

**चैत्र १० गते, ढल्केवर**

क्रसर माफियाबाट मारिएका पर्यावरण अभियन्ता दिलीप भनिने ओमप्रकाश महतोलाई पर्यावरण शहीद घोषणा गर्नुपर्ने माग गर्दै पूर्वपश्चिम राजमार्गमा चक्काजाम गरिएको छ। शनिवार धनुषाको ढल्केवरमा पीडित परिवार र सामाजिक अभियन्ताहरुले राजमार्ग अवरुद्ध गर्दै प्रदर्शन गरेका छन् ।



दिलिपलाई पर्यावरण शहिद घोषणा गर्नुपर्ने माग गर्दै प्लेकार्डसहित शान्तिपूर्ण प्रदर्शनमा उत्रिएका उनीहरुले करिब आधा घण्टा पूर्वपश्चिम लोकमार्ग पूर्णरुपले अवरुद्ध पारेका थिए । दिलिप महतोलाई शहीद घोषणा गर्नुपर्ने माग गर्दै उनको

बाँकी पृष्ठ ३ मा

## चैत्र १० गते को अंकमा प्रकाशित समाचारको छुटेको अंश प्रकाशित गरिएको

यस खबर दर्पण दैनिकको चैत्र १० गते को प्रथम पृष्ठमा प्रकाशित रातु नदीको तटबन्ध नै तोडेर चोर बाटो बनाई नदीजन्य पदार्थ उत्खनन् गरी ढुवानी हुँदै शिर्षकको समाचारमा बाँकी अंशपेज २ मा छुटेको लाई प्रकाशित गरिएको छ। यसबाट पाठक माझ पर्न गएको असुविधाको लागि क्षमाप्रार्थी छौं । सम्पादक

भन्छन् ।

रातु खोलामा भइरहेको अबैध उत्खनन् भयावह रहेको स्थानीयहरू वताउँछन् तस्कर हरुले खोलावाट निकालेको पदार्थलाई खुलमखुल्ला किनारा वरपर नै भण्डारण गरिरहेका छन् भने नदीको तटबन्ध नै तोडेर चोर बाटो बनाएर ढुवानी गरिरहेका छन् ।

बर्दिवास नगरपालिकाले ठेक्का दिएका ठेक्केदार कम्पनीहरुले मापदण्ड विपरित नदीजन्य पदार्थ उत्खनन गरेको ठहर गर्दै सर्वोच्च अदालतले अल्पकालीन आदेश जारी गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय प्रमुख श्याम राईका अनुसार जिल्लामा अन्य गम्भीर घटनाहरुको अनुसन्धान भइरहेकाले अवैध उत्खनन्मा ध्यान जान नसकेको हुनसक्ने बताउँछन् । प्रहरी परिचालन गरेर अवैध उत्खनन् र तस्करीलाई रोक्ने प्रमुख राई बताउँछन् ।

नदीमा तस्करी भएको सुचना आइरहेको बताउँदै उनले प्रहरीहरुलाई जिम्मेवार वनाएर राष्ट्रिय सम्पत्ति जोगाउन लागि पर्ने प्रतिवद्धता जनाए ।

जिल्ला समन्वय समितिका संयोजक सुमनलाल कर्ण स्थानीय सरकारलाई वेथितिहरु औल्याएर जिम्मेवार वनाउने प्रयास गरिरहेको बताउँछन् ।

नगर प्रमुख प्रल्हाद कुमार क्षेत्रीले अदालतमा दायर भएको रिट राजनीतिक प्रतिशोधका लागि भएको बताए ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**वृष-** प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मिथुन-**समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कर्कट** - आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**सिंह** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कन्या** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**तुला** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**धनु** - समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**मकर** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**कुम्भ-**व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मीन** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट वर्दिवास-८ | ९७०३८९१४२५ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सेभ जलेश्वरको मोटरसाईकल परिक्रमा यात्रा सम्पन्न

**विष्णु गुप्ता**

**चैत्र १० गते, बर्दिवास**

जनजागृतिका लागि निरन्तर अभ्यासरत रहेको सेभ जलेश्वर लगायत महोत्तरी सदर मुकामका युवाहरुहरु द्वारा गरिने धार्मिक मोटरसाईकल परिक्रमा यात्रा सम्पन्न भएको छ।

मिथिला माध्यमिकी परिक्रमा यात्रा प्रति युवाहरुलाई जागृत गर्दै यसलाई निरन्तरता दिन अभिभावकत्व स्वरूप सेभ जलेश्वर द्वारा गत वर्ष देखी आयोजना हुँदै आइरहेको मोटर साईकल ले गरिने परिक्रमा यात्रा यस वर्ष पनि भव्यता साथ सम्पन्न भएको सेभ जलेश्वरका संयोजक रोहित साहले जनाएका हुन ।

भगवान श्री मिथिला बिहारी श्री किशोरी जी को भक्तिमा भावविभोर भई महोत्तरी सदर मुकाम जलेश्वर लगायत वर पर गाउँका श्रद्धालु भक्त सम्मिलित मिथिला माध्यमिकी परिक्रमा यात्रा निर्विघ्न र श्रद्धाविभोर रूपले सम्पन्न भएको साहले उत्साह व्यक्त गर्दै जनाएका छन ।

मिथिला माध्यमिकी परिक्रमाको पन्ध्र विश्राम स्थलको भ्रमण तथा अवलोकन गर्दै सम्पूर्ण परिक्रमा यात्री एकदिने मोटरसाईकल परिक्रमा यात्रा सकुशल सम्पन्न गरी आआफ्नो गृहस्थल सहजै पुगेका छन ।

सेभ जलेश्वर एक जलेश्वरको समुन्नत विकास का लागि आवाज उठाउने संस्था मात्र नभएर जलेश्वरका लागि लागिपर्ने सरसफाई अभियान संचालन गर्ने संस्था सहित धार्मिक अभियान का लागि कार्यरत रहने संस्था समेत रहेको सेभ जलेश्वर एउटा स्वतंत्र संगठन हो संयोजक साहले जनाएका हुन।

मोटरसाइकलले सहभागी परिक्रमा यात्रिलाई भोजन व्यवस्थापन जलेश्वर निवाशी हाल धनुषा महेन्द्रनगरका शिवशंकर चौधरीले आयोजन गरेका थिए भने महोत्तरीको बनौटामा हिन्दु सम्राट सेना महोत्तरीका जिल्ला अध्यक्ष द्वारा सम्पूर्ण परिक्रमा यात्रिहरुलाई माल्यार्पण गर्दै स्वागत गरिएको थियो । यस वर्षको परिक्रमा यात्रामा महिला सहभागिता विगत वर्ष भन्दा उत्साहजनक उपस्थिति रहेको संयोजक साहले बताएका छन ।

सेभ जलेश्वरका सम्पूर्ण अभियानिहरुको सलाह तथा सहयोगले पन्द्रह दिने परिक्रमा स्थलको भ्रमण तथा अवलोकनका लागि आयोजित एकदिने मोटरसाइकल परिक्रमा यात्रा सम्पन्न भएकोमा सेभ जलेश्वरका संयोजक साहले हार्दिक कृतज्ञता व्यक्त गर्दै परिक्रमा यात्रालाई निरन्तर राख्न आगामी वर्षहरुमा पनि यसै उत्साह र उमंग ले सहभागिता दर्शाउन प्रयासरत रहिरहने विश्वास जनाएका हुन ।




## श्री रामवती जगदेव जनता प्राबिधिक नमुना बिधालय बगडा

**Shree Rambati Jagdev Janta Prabidhik Namuna Secondary School Bagda**

**लोहारपट्टी न.पा.१ , महोत्तरी ( नेपाल )**

**Loharpatti -1 , Mahottari ( Nepal )**

## दरभाउपत्र स्वीकृति गर्ने आशयको सूचना

सुचना प्रकाशित मिति :२०८०।१२।११

यस बिद्यालय को मिति २०८०।११।०८ गतेको खबर दर्पण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार निमन कार्यको लागि दरभाउ पत्र आब्हान भई तोकिएको म्याद भित्र दर्ता हुन आएको दरभाउपत्रहरु मध्ये तपशिल बमोजिमको दर भाउपत्रदाता को दरभाउपत्र न्युनतम मुल्यांकित एवम सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| क्र सं | ठेक्का नम : | कामको बिबरण | छनोट भएको दरभाउपत्र दाता को नाम र ठेगाना | कबोल रकम रु मु अ क सहित |
|---|---|---|---|---|
| 1 | SRJJSS/SQ/G/ 2080/81- 02 | **Supply And Delivary Of Laboratory Goods for Civil Engineering .** | **Sungabha Trading , JanakpurDham -07, Dhanusha** | **Rs. 17,86,530.00** |

प्रधानाध्यापक


# दिलीप महतोलाई ................

परिवार केहीदिन अघिमात्रै काठमाडौं पुगेर उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई ज्ञापनपत्र बुझाएका थिए । उनीहरुले ज्ञापनपत्र बुझाउँदै शहीद घोषणाको मागसँगै पुन: अनुसन्धानको पनि माग राखेका छन् ।

दिलिप महतोलाई पर्यावरण शहिद घोषणा गर्न र पीडित परिवारलाई क्षतिपूर्ती उपलब्ध गराउन आम जनता पार्टीका अध्यक्ष प्रभु साहले संसदमा समेत आवाज उठाएका छन् । पूर्वराष्ट्रपति रामवरण यादवले पनि दिलिप महतोलाई पर्यावरण शहिद घोषणा गर्न सरकारसँग माग आग्रह गर्दै आएको छ ।

२५ पुस २०७६ को झिसमिसे बिहानीमा धनुषाको मिथिला नगरपालिका-५ श्रीपुरका दिलीपलाई क्रसर डनले क्रुर हत्या गरेका थिए । क्रसर गुण्डाले दिलिपलाई कोखमा‘लिभर’प्रहार गरी सख्त घाइते बनाएर टिपरले किचेर हत्या गरेका थिए । चुरे दोहन रोक्नुपर्ने, अबैध उत्खनन् र क्रसर उद्योग बन्द गर्नुपर्ने उनको चोटिलो आवाज खोला तस्करको तारोमा परेर दिलिपको हत्या गरिएको थियो ।

त्यसयता दिलिपका परिवार र चुरे अभियन्ताहरु दोषीलाई कडा सजाय र दिलिपलाई पर्यावरण शहिद घोषणाको माग गर्दै गाउँदेखि राजधानीसम्म संघर्ष गरिरहेका छन् ।

दिलिप हत्या मुद्दामा धनुषा जिल्ला अदालतले तीनजनालाई दोषी ठहर गरिसकेको छ। जिल्ला अदालतले गत फागुन १२ गते मुख्य योजनाकार चुरियाई बालुवा प्रशोधन उद्योगका सञ्चालक विपीन महतो र कामदार मुनिन्द्र महतोलाई २५-२५ वर्ष कैद र ५-५ लाख क्षतिपर्ति तिर्न फैसला सनाइएको थियो । जिल्ला अदालतका न्यायाधीश चित्रबहादुर गुरूङको इजलासले गरेको उक्त फैसलालाई उच्च अदालत जनकपुरका न्यायधीशद्वय महेन्द्रनाथ उपाध्याय र ध्रुवकुमार पियाको संयुक्त इजलाशले जिल्ला अदालतको फैसलालाई सदर गरिदिएको छ ।


## सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्राय:जसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**



**भंगहा नगरपालिका, महोत्तरी**

## सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्राय:जसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**



**औहरी नगरपालिका, महोत्तरी**

## सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्राय:जसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**



**मठिहानी नगरपालिका, महोत्तरी**

# चैते वर्षाले गहुँ बालीमा क्षति



**विजयकुमार साह**

**चैत्र १० गते, ढल्केवर**

पटक-पटक परेको चैते वर्षाले धनुषामा गहुँ बालीमा क्षति भएको छ। धनुषालगायत मधेश प्रदेशका जिल्लामा बुधबार बिहानदेखि पानी पर्न सुरु भएको छ। त्यसयता दैनिक वर्षा भइरहेको छ। शनिबारसम्म पानी पर्नेक्रम जारी छ।

बालीनाली सुक्दै गएका बेला झण्डै छ महिनापछि भएको वर्षाले बालीनाली सप्रिने भन्दै खुसी भएका यहाँका किसान पटक-पटकको वर्षाले गहुँबालीलाई नोक्सानी पुऱ्याउन थालेपछि चिन्तित बनेका छन्। अन्तिम पटक असोज दोस्रो सातातिर वर्षा भएको थियो। त्यसको झण्डै छ महिनापछि पहिलो पटक बुधबार बिहान वर्षा भएको थियो। वर्षापछि यहाँका किसान खुसी देखिएका थिए। तर, त्यही वर्षाले गहुँबालीलाई नोक्सानी पुऱ्याउन थालेपछि उहाँहरू चिन्तित बनेका हुन्। कटान गरेर खेतमै राखिएको गहुँ वर्षाको पानीले भिजेर नोक्सान भएको छ। वर्षासँगै चल्ने हावाले गहुँको बिरुवाको जरा कमजोर भएर खेतमै लड्ने र घर भित्र्याउन काटेर राखेको गहुँ भिजेर नोक्सान भइरहेको मिथिला नगरपालिका-३, हरिहरपुरका किसान मनोज महतोको भनाइ छ।

मिथिला नगरपालिका कृषि शाखाका प्राविधिक उमेश महतोले लामो समयपछि भएको वर्षाले सबै प्रकारका बालीनालीलाई फाइदा पुग्ने भएपनि केही प्रतिशत नोक्सानी पुऱ्याउन सक्ने बताउनुभयो। उहाँले सबैभन्दा बढी तरकारी बालीलाई फाइदा पुग्नेछ। आँप, कटहरलगायत तराईमा फल्ने मौसमी फलफूललाई पनि फाइदा पुग्नेछ।

जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले शनिबार हल्का वर्षा हुने जनाएको छ। मौसम खुलेर केहीबेर घाम लागे पनि फेरि बदली भएर वर्षाको सम्भावना रहेको बताइएको छ। महाशाखाका मौसमविद् गोविन्द झाकाअनुसार विशेष गरेर मध्य र पूर्वी क्षेत्रका केही ठाउँमा सोमबारसम्मै पानी पर्ने सम्भावना छ।

# प्रदेश सरकारको प्राथमिकतामा नागरिकको सुरक्षा : गृहमन्त्री लेखी



**खबर दर्पण समाचारदाता**

**चैत्र १० गते, वर्दिवास**

नेकपा (एमाले) को तर्फबाट मधेश प्रदेश सरकारमा गृह, सञ्चार तथा कानुनमन्त्री बन्नुभएका राजकुमार लेखीले सरकारले नागरिकको सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने बताउनुभएको छ। पद तथा गोपनीयताको सपथलगत्तै शनिबार पदभार ग्रहण गर्नेक्रममा उहाँले सो कुरा बताउनुभएको हो। उहाँले नागरिकको सुरक्षा, सूचनाको हक, सञ्चार क्षेत्रमा रहेका समस्याको समाधान गरी कानुन निर्माणमा आफूले काम गर्ने प्रतिवद्धता जनाउनुभयो।


सञ्चार क्षेत्रमा देखिएका विभिन्न खालका समस्याको समाधानका लागि आफू प्रतिबद्ध रहेको भन्दै मन्त्रालयले पत्रकारमैत्री भएर काम गर्ने उहाँले बताउनुभयो। मधेश प्रदेशमा बाढी पहिरो, शितलहरजस्ता दैवीप्रकोपको उच्चजोखिम रहेको भन्दै दैवीप्रकोपबाट हुनसक्ने क्षति हुन नदिन प्रदेश सरकारले पूर्वतयारी थाल्ने बताउनुभयो। मन्त्री लेखीलाई मधेश प्रदेश सरकारमा गृह, सञ्चार तथा कानुन मन्त्रालयका निमित्त सचिव उत्तम खरेलले मन्त्रालयमा स्वागत गर्नुभयो। पदभार ग्रहण गर्दै मन्त्री लेखीले मधेश प्रदेशमा सूचनाको हकको पूर्ण कार्यान्वयन गराउने निर्णय गर्नुभएको छ।


## सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ। साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं।**

**बर्दिवास नगरपालिका, महोत्तरी**


## छाडा चौपाया र सडक छेउबाट निर्माण तथा अन्य सामाग्री हटाउने सम्बन्धी सूचना।

यस जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र सडकमै निर्माण समाग्री नराख्न, सड्क पेटी अतिक्रमण गरी व्यापार व्यवसाय नगर्न, घरपालुवा पशु चौपायाहरु छाडा नछोड्न पटक पटक अनुरोध गर्दा समेत सो को वेवास्ता गरी बजारमा सडकमै निर्माण समाग्री राख्ने, सडक पेटी अतिक्रमण गरी व्यापार व्यवसाय गर्ने, छाडा चौपायाहरु सडक मै छोडी सार्वजनिक यातायात आगमनमा अबरोध गर्ने लगायतका बिभिन्न समस्या सृजना भएकोले यस्ता कार्य नगर्न गराउन सबैलाई सूचित गरिन्छ। सूचनालाई अटेर गरी यस्ता कार्य गर्नेमाथि कानुनी कारवाही प्रक्रिया अगाडि बढाइने सबैलाई यसै सूचना मार्फत सूचित गरिन्छ।

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा**








खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : अ (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा